# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः २ मितिः २०८२/०२/११

भाग — २

## देवघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८२

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## देवघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०२।११

प्रमाणीकरण र प्रकाशन मिति: २०८२।०२।११

**प्रस्तावना:**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) बमोजिम बाल अधिकारको संरक्षण र संवर्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम देवघाट गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद – १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "देवघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि देवघाट गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(घ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका सम्झनु पर्छ ।

(च) “सभा” भन्नाले देवघाट गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(छ) “कार्यपालिका” भन्नाले देवघाट गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) “वडा कार्यालय” भन्नाले देवघाट गाउँपालिकाको वडा समितिको कार्यालयलाई सम्झनु पर्छ ।

(झ) “अध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) “उपाध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ट) “वडा अध्यक्ष” भन्नाले देवघाट गाउँपालिका भित्रका सम्बन्धित वडाको वडाध्यक्ष सम्झनुपर्दछ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको देवघाट गाउँपालिकाका लागि नियुक्ति भएको अधिकृत सम्झनु पर्छ ।

(ड) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कानून बमोजिम दर्ता भई परिषदबाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये ऐनको

दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि पठाइएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ । यस शव्दले परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई समेत जनाउँछ ।

(ढ) “बाल क्लब वा बाल संस्था” भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्ष उमेर पूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भएअनुसार गाउँपालिकामा दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ ।

(ण) "बाल कोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधिको दफा २० बमोजिम गाउँपालिकामा स्थापना गरिएको स्थानीय बाल कोष सम्झनु पर्छ।

(त) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पुरा नभएको व्यक्ति सम्झनु पर्छ।

(थ) “बाल सञ्जाल” भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा गाउँपालिकामा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(द) “बालमैत्री स्थानीय शासन” भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम् हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाऊ,

बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्दतिलाई सम्झनु पर्छ ।

(ध) "बालमैत्री वडा" भन्नाले यस कार्यविधिमा तोकिएअनुसारका सूचकहरुमा न्यूनतम् प्रगति हाँसिल गरी बालमैत्री भनी घोषणा गरिएको वडालाई सम्झनु पर्दछ ।

(न) "बालमैत्री गाउँपालिका" भन्नाले यस कार्यविधिमा तोकिएका सूचकहरुमा न्यूनतम् प्रगति हाँसिल गरी बालमैत्री भनी घोषणा गरिएको गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ऩ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(प) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिम देहायका बालबालिका सम्झनु पर्छ ।

(फ) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा सूचीकृत भएका वा सूचीकृत भई नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ब) "समिति" भन्नाले गाउँपालिकामा गठन गरिने बाल अधिकार समिति सम्झनु पर्छ।

(भ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि प्रचलित कानूनबमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनु पर्छ ।

(म) "सेवा प्रदायक निकाय" भन्नाले देवघाट गाउँपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने संस्था र निकाय सम्झनु पर्छ ।

(य) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानुनबमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

(र) "बाल कल्याण अधिकारी " भन्नाले देवघाट गाउँपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## उद्देश्य तथा सिद्धान्त

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) नेपालको संविधानमा उल्लिखित बालबालिकाको हकहरु, बालबालिका सम्बन्धी प्रचलित कानुनी व्यवस्थाहरूलाई गाउँपालिकामा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने,

(ख) गाउँपालिकामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता अभिबृद्धिका कार्यहरु गर्ने.

(ग) गाउँपालिकामा बाल अधिकार संरक्षणका संस्थागत विकासलाई दिगो बनाउने,

(घ) बाल अधिकार संरक्षण तथा विकासका लागि समन्वय तथा सहकार्य स्थापित गर्ने ।

४. **बाल अधिकार प्रचलनकारी आधारभूत सिद्धान्तः** बालबालिकाहरुको जीवनलाई स्वतन्त्र, सम्मानित र सुरक्षित तुल्याई बालमैत्री गाउँपालिका स्थापित गर्न देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछः

(क) गैरविभेदीकरणः प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जातजाति, लिङ्ग, उमेर-समूह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनैको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

(ख) बालबालिकाको सर्वोत्तम् हितः गाउँपालिकाले कार्यान्वयन गर्ने सबै नीति तथा कानुन र सबै क्षेत्रका विकासका गतिविधि तथा स्थानीय शासन सञ्चालनको क्रममा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई प्रवर्द्धन गरिनेछ ।

(ग) बालबालिकाको सर्वाङ्गीण विकासः नेपालको संविधानले बालबालिकाको हक अन्तर्गतका पहिचान सहितको जन्मदर्ता र संरक्षण, स्वास्थ्य तथा पोषण, शिक्षा, संस्कृति सर्वाङ्गीण विकासका अधिकार सुनिश्चित गरिनेछ ।

(घ) बालबालिकाको सहभागिता र विचारको सम्मानः गाउँपालिकाको नीति तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा बालिबालिकाको परिपक्वता र क्षमताको आधारमा सहभागिता र विचार अभिव्यक्त गर्ने अधिकार सुनिश्चित गरिनेछ। सोको लागि नीति, कानुन र संस्थागत प्रणाली स्थापना गरिनेछ।

(ङ) बालबालिकाको सर्वाङगीण विकासका लागि आवश्यक पर्ने सेवा सुविधाहरु बालबालिकाको आफ्नै वा नजिकमा पर्ने वडा कार्यालयबाट प्रवाह गर्ने व्यवस्था गरिनेछ।

(च) समावेशीकरणको सिद्धान्तः सवै वर्ग, क्षेत्र, लिङ्ग र क्षमताका बालबालिकाहरुलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरुको समानरुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ। स्थानीय शासन र विकास सम्बन्धी गतिविधिमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ।

## परिच्छेद – ३

## बाल अधिकारको संरक्षण, प्रचलन र संवर्द्धन सम्बन्धी व्यवस्था

**५. बाल अधिकारको संरक्षण तथा संवर्द्धन गर्नुपर्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण, प्रचलन तथा संवर्द्धनका लागि

ऐनको दफा ६४ र ६५ बालबालिकाप्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य परिपालनाका लागि दफा ७७ बमोजिम गर्न गराइनेछ।

(२) बाल अधिकारको संरक्षण तथा संवर्द्धन गर्नका लागि गाउँपालिकाले देहायका कार्यहरु गर्नेछः

(क) प्रत्येक बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त विधिहरु कार्यान्वयन गरिनेछ।

(ख) बालबालिका बचाउ, संरक्षण, विकास र सहभागिताका रणनीतिक कार्यक्रमहरु गाउँपालिकाका आवधिक तथा वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

(ग) बालबालिकाको स्वस्थ जन्म सुनिश्चित गर्नका लागि आमा र बच्चा दुवैको नियमित स्वास्थ्य परीक्षण र हरेक गर्भवती आमालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने व्यवस्था लागू गरिनेछ।

(घ) बालबालिकाको स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गर्न मातृशिशु स्वास्थ्यका सबै किसिमका सेवाहरु उपलब्ध गराइनेछ।

(ङ) प्रत्येक बालबालिकालाई विद्यालयमा पहुँच गराउन शिक्षामा समतामूलक विधिको उपयोग, बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयन, बालबालिकाको सुरक्षा, बालमनोविज्ञानमा आधारित शिक्षण सिकाइ,

विद्यालयमा शुद्ध खानेपानी र सरसफाइको व्यवस्था, लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री संरचनाको निर्माण गरिनेछ।

(च) बालबालिकाको सिकाइ स्तर बद्धिका लागि प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन, विपन्न बालबालिकाका लागि छात्रबृत्ति, खेलकुद सामाग्री र खेलकुद स्थलको व्यवस्था, बाल पुस्तकालय तथा विद्यालयमा नर्सको व्यवस्था गरिनेछ।

(छ) बालबालिकाहरु बीचमा जाति, भाषा, उमेर, लिङ्ग, फरक क्षमता, भौगोलिक क्षेत्र, आर्थिक अवस्था र अन्य कुनै आधारमा विभेद, बहिष्करण, दूर्व्यवहार तथा अन्य हिंसाजन्य कार्यहरु निषेध गरिनेछ।

(ज) बालबालिकाहरुलाई सुर्तीजन्य तथा सबैखाले मादक पदार्थ र अश्लिल साहित्य तथा सामाग्री वितरण गर्न निषेध गरिनेछ। यस्ता पदार्थको सेवन तथा उपयोग गर्न नहुने सम्बन्धमा बालबालिकालाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(झ) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक कार्य गरिने तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ।

(ञ) बालबालिकाका खण्डीकृत तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गरिने र योजना तर्जुमा तथा विपद्को समयमा उक्त तथ्याङ्कको उपयोग गरिनेछ।

(ट) बालमैत्री स्थानीय तह स्थापनाका लागि कार्यविधि लागू गरी बालमैत्री स्थानीय तह घोषणा गरिनेछ।

६. **बालबालिकाको खण्डीकृत तथ्याङ्क अद्यावधिक गर्नुपर्नेः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका बालबालिकाहरुको खण्डीकृत तथ्याङ्क नियमितरुपमा अध्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क वडा स्तरमा अध्यावधिक भई गाउँपालिका तहमा सबै वडाको एकीकृत रुपमा तथ्याङ्क व्यवस्थापन भएको हुनुपर्नेछ।

७. **बालमैत्री संरचना र अभ्यास लागू गर्नुपर्नेः** (१) गाउँपालिकाभित्र स्थापना र सञ्चालन भएका बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी गाउँपालिकाले नियमन गर्ने र आवधिक अनुगमन गर्नेछ।

## परिच्छेद – ४

## बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था

८. **बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त

बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रवर्द्धनलाई प्राथमिकता दिनेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र अनाथ, वेवारिसे, स्याहार संरक्षण गर्ने बाबु आमा नभएका बालबालिका फेला परेमा फेला पार्ने व्यक्तिले अनुसूची-१ बमोजिमको फारम भरी गाउँपालिका/नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम यस बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा खण्ड (घ) को प्रयोजनका लागि ऐनको दफा ५२ बमोजिम पालिकाले बालगृह स्थापना तथा सञ्चालन गर्न सक्नेछ । तर, यस्तो व्यवस्था समेत हुन नसक्ने अवस्था भएमा हाल आफ्नो पालिकाभित्र वा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गर्न सक्नेछ ।

(४) हाल सञ्चालनमा रहेका र ऐनको दफा ५२ बमोजिम सञ्चालन गरिने बालगृहको अनुगमन  गाउँपालिकाले गर्नु पर्नेछ । बालगृहले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड अनुसूची-२ मा दिइएको छ ।

९. **बालगृहको स्थापना र सञ्चालन** (१) गाउँपालिकाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुनबमोजिम कुनै संस्थाले अनाथ बाल आश्रम/अनाथालय वा बालगृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएका बालबालिकालाई त्यस्तो बाल आश्रम/अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) अनाथ बाल आश्रम/अनाथालय तथा बालगृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बालगृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद – ५

## बाल सहभागिता तथा बालक्लव सम्बन्धी व्यवस्था

**१०. बाल सहभागिताको अभ्यासः** (१) गाउँपालिकाले बालबालिकालाई आफूलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्न सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतद्वारा आफ्ना कार्य सम्पादन प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्ने व्यवस्था गर्नेछ । यसैगरी, बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनको क्रममा सबै किसिमका बालबालिकाको (बालक, बालिका, अपाङ्गता, यौनिक, अल्पसंख्यक आदि) सहभागितालाई प्रवर्द्धन गर्नेछ ।

(२) गाउँपालिकाले बाल सहभागिता प्रवर्द्धनका लागि देहायका उपायहरू समेत अवलम्वन गर्नेछः

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनको सन्दर्भमा बालबालिकासंग वडास्तरीय सहभागितात्मक छलफल गराइनेछ ।

(ख) गाउँपालिकाभित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला,

आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिकाभित्र तथा अन्तरपालिकास्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ।

(ग) बाल क्लब, बाल संस्था तथा बाल क्लब सञ्जाल दर्ता वा नवीकरणको लागि रीतपूर्वक परेका निवेदनका आधारमा दर्ता गरी दर्ताको प्रमाणपत्र निःशुल्क उपलब्ध गराउनेछ।

(घ) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र बालबालिकासम्बन्धी सवालहरुको सुनुवाइ हुने वातावरण सिर्जना गर्ने कार्यक्रम तयारी तथा सञ्चालन गर्नेछ।

(ङ) बालबालिका सम्बन्धी तथ्यांक तथा सूचना व्यवस्थापन तथा अद्यावधिक गरी स्थानीय बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषदलाई उपलब्ध गराउनेछ।

**११. बाल क्लब वा संस्था दर्ता तथा नवीकरण** (१) गाउँपालिकाले ऐनको दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बाल क्लब वा संस्था खोल्ने अधिकार सुनिश्चित गर्नेछ। ऐनको उपदफा (२) मा बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। यस सन्दर्भमा बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बाल क्लब वा

संस्था दर्ता गर्न चाहेमा गाउँपालिकामा देहायका विवरण सहित अनुसूची ३ बमोजिम निवेदन दिनु पर्नेछ।

(क) बाल क्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र।

(ख) बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि तथा सञ्चालन विधिसमेत प्रबन्धावली र

(घ) तदर्थ कार्यसमितिका पदाधिकारीको नामावली।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा पालिकाले बाल क्लब वा संस्था दर्ता गरी दर्ता अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ।

(३) बाल क्लब वा संस्थामा रहने सदस्यहरुको विवरणको अभिलेख अनुसूची ५ बमोजिम तयार गरी राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको बाल क्लब वा संस्थाले प्रत्येक वर्ष गाउँपालिकामा देहायको विवरण खुलाई नवीकरणको लागि अनुसूची ६ बमोजिम निवेदन दिन सक्नेछः

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको सङक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण।

(५) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले बाल क्लब वा संस्थाको नवीकरण गरिदिनेछ।

(६) स्थानीय तहमा दर्ता भएका बाल क्लब वा संस्थाको दर्ता, अभिलेख एवम् नवीकरण अभिलेख अनुसूची-७ बमोजिम राखिनेछ र दर्ता वा नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन।

(७) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी हरेक आर्थिक वर्षको चैत्र मसान्तभित्र गाउँपालिकामा तथा गाउँपालिका बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(८) गाउँपालिका बाल अधिकार समितिले बाल क्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(९) बाल क्लब वा संस्थाले विवरण नबुझाएमा वा नवीकरण नगराएमा दर्ता भएको वा पछिल्लो नवीकरण गराएको मितिले दुई वर्षको अवधि नाघेपछि सो बाल क्लब वा संस्था स्वतः निष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ।

**१२. बाल क्लब वा संस्थाको वर्गीकरणः** (१) स्थानीय तहमा दर्ता हुने बाल क्लब वा संस्थाको वर्गीकरण देहायबमोजिमको हुनेछः

(क) समुदायमा आधारित बाल क्लब

(ख) विद्यालयका आधारित बाल क्लब

(ग) विषयगत बाल क्लब

(घ) विशिष्टीकृत बाल क्लब

(ङ) बालगृह वा बालसुधार गृहमा आधारित बाल क्लब

**१३. बाल क्लब सञ्जाल दर्ता र नवीकरणः** (१) १. गाउँपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाहरूले गाउँपालिका स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित निवेदन दिनु पर्नेछः

(क) बाल क्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बाल क्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बाल क्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरू,

(घ) बाल क्लब वा संस्थाको सञ्जालमा प्रत्येक बाल क्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण।

(२) गाउँपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाहरूले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा गाउँपालिकाले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) बाल सञ्जालमा रहने सदस्यहरुको अभिलेख अनुसूची ८ बमोजिम तयार गरी राख्नुपर्नेछ।

(४) गाउँपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त विवरण, सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक वर्ष गाउँपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिमको निवेदन आएमा गाउँपालिकाले बाल सञ्जालको नवीकरण गरिदिनेछ।

(६) गाउँपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न गाउँपालिका बाल अधिकार समितिको सिफारिसमा वडा वा गाउँपालिका स्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ।

(७) बाल सञ्जाल दर्ता र नवीकरण गरेबापत कुनै शुल्क लिइने छैन।

(८) बाल सञ्जालले तीन वर्षभित्र नवीकरण नगरेमा स्वतः खारेज हुनेछ।

**१४. बाल क्लबको काम कर्तव्य र अधिकारः** (१) बालक्लवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाइ प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बाल प्रतिभाको प्रवर्द्धन गर्ने, गराउने,

(घ) बालबालिकामा जीवनोपयोगी सीप विकासका लागि कार्य गर्ने,

(ङ) बाल क्लबलाई बालबालिकामा रचनात्मक तथा नवीनतम् ज्ञान विकास गर्ने समूहको रूपमा स्थापित गराउने,

(च) स्वास्थ्य, सरसफाइ र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(छ) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

(ज) बालबालिकामा शिक्षा, कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, संस्कृतिको विकास गर्ने,

(झ) सामाजिक कुरीति तथा बाल अधिकार उलंघनको घटनाहरूको विरूद्ध बालबालिकामा सचेतना विकास तथा उक्त कुरीति विरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउन पहल गर्ने,

(ट) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाइ आदि अभियानमा गाउँपालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(ठ) गाउँपालिकाका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सक्रिय सहभागिता जनाउने,

(ड) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सहभागी बनी बालमैत्री वडा वा गाउँपालिका स्थापना गर्ने अभियानमा सहयोग गर्ने आदि।

(२) बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्रका बाल क्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ख) बाल क्लबहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई वडा, गाउँपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट आर्थिक सहयोगका लागि समन्वय गर्ने र कार्यान्वयन गराउने,

(ग) बाल क्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा सहभागी भई थप हौसला तथा सचनात्मक सुझाव उपलब्ध गराउने,

(घ) बाल अधिकारसँग सम्बन्धित अभियानमा बाल क्लबहरुको सक्रिय सहभागिता प्रवर्द्धन गर्ने,

(ङ) गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, बालबालिकाको सहभागिता, बालबालिकाको क्षमता विकासका गतिविधिहरु कार्यान्वयनमा सहयोग गर्ने,

(च) बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटना विरूद्ध पैरबी तथा उक्त गतिविधिमा सहभागिता तथा बालहिंसा निर्मुल गर्ने गतिविधिका लागि सम्बन्धित सरोकारवाला समन्वय तथा सहकार्य गर्ने,

(छ) बालबालिकाहरुलाई विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा सहभागिता जनाउने,

(ज) बाल क्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको प्रतिवेदन माग गर्ने तथा सोको अभिलेख राख्ने तथा गाउँपालिका र गाउँपालिका बाल अधिकार समितिमा पेश गर्ने,

(झ) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसमा सिकाई आदान प्रदानका लागि अवसर सिर्जना गर्ने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै लेखिएको भए तापनि बाल क्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरूमा सहभागी हुन वा गर्न गराउन पाउने छैनन्:

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेसाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक वा प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन,

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति विना जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) परियोजना सञ्चालन गर्ने वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरू गर्ने,

(ञ) सामाजिक रुपमा स्वीकार नहुने तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई गाउँपालिका बाल अधिकार समितिको परामर्शमा सरकारी तथा सम्बन्धित निकायबाट प्रतिवन्धित कार्यहरु गर्न गराउन ।

१५. **बाल क्लब सञ्जाल वा संस्था थप जिम्मेवारीः** (१) बाल क्लब, बालसंस्था वा बाल सञ्जालमा ५ वर्ष माथिका सबै उमेर समूह, लिङ्ग, जातजाति, फरक क्षमता भएका बालबालिका लगायत स्थानीय समाज वा समुदायको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी हुनु पर्नेछ । तर बालिकाहरु वा दफा १२ बमोजिम वर्गीकृत सदस्य मात्र रहन सक्ने गरी बाल क्लब वा संस्था सञ्चालन गर्न वाधा पर्ने छैन ।

(२) बाल क्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नु पर्नेछ ।

(३) बाल क्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका कृयाकलापमा बढी भन्दा बढी बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नु पर्नेछ ।

(४) बाल क्लब, संस्था वा सञ्जालका पदाधिकारीले दुई कार्यकालसम्म मात्र बसी क्रमशः अन्य बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नु पर्नेछ ।

(५) बाल क्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई वाध्य पार्न पाइने छैन ।

(६) बाल क्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१६. **बाल क्लब तथा बाल सञ्जालको भेलाः** (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बाल क्लब वा संस्था र बाल सञ्जालको वडा, गाउँपालिकास्तरमा भेला आयोजना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजनाले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाई पठाउनु पर्नेछ ।

## परिच्छेद – ६

## बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी व्यवस्था

१७. **बालमैत्री स्थानीय शासन लागू गर्नेः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन लागू गर्नेछ ।

(२) गाउँपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा संघ तथा प्रदेश सरकारले लागू गरेका बाल बालिका सम्बन्धी प्रचलित कानूनसँग नबाझिने गरी लागू गर्नेछ।

(३) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि ५ वटा विषयक्षेत्रहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बाल अधिकारका लागि संस्थागत विकासमा तोकिएको उपलब्धीका लागि कार्य गरिनेछ।

(४) गाउँपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा अनुसूची - ९ मा उल्लेख गरिएका सूचकहरु प्राप्तिका लागि प्रत्यक्ष योगदान गर्ने कार्यक्रमहरु गर्नुपर्नेछ ।

**१८. बालमैत्री स्थानीय शासन सहजीकरणः** गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सहजीकरण गाउँपालिकामा गठन हुने बाल अधिकार समितिहरुले गर्नेछ।

**१९. बालमैत्री स्थानीय शासन कार्यान्वयनको योजना तयार गर्नेः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्नेछ।

(२) बालमैत्री स्थानीय शासनका लागि अलग्गै रणनीतिक योजना तयार गरी लागू गर्नुपर्नेछ। उक्त रणनैतिक योजना गाउँपालिकाको आवधिक विकास योजनामा समावेश गरी कार्यान्वयन गर्न सकिनेछ।

(३) बालमैत्री स्थानीय शासनको वार्षिक योजना गाउँपालिकाको वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ।

**२०. बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि जनशक्ति व्यवस्थाः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ।

(२) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि जिम्मेवार शाखाका प्रमुखलाई यस कार्यक्रमके सम्पर्क व्यक्तिको रुपमा नियुक्ति गर्नु पर्नेछ।

**२१. क्षमता विकासको व्यवस्थाः** गाउँपालिकाले बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सम्बन्धित समितिहरुको क्षमता विकास, तालिम तथा अन्य कार्यक्रमको व्यवस्था गर्नेछ।

**२२. बालमैत्री स्थानीय तह वा वडा घोषणा गर्नेः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरी अनुसूची ९ बमोजिमका सूचकहरुमा भएको प्रगति मापन गरी बालमैत्री स्थानीय तह वा वडा घोषणा गर्नेछ।

(२) बालमैत्री स्थानीय तह वा वडा घोषणा पश्चात सोको दिगोपनका लागि अलग्गै रणनीतिक योजना तर्जुमा गरी लागू गर्नु पर्नेछ।

**२३. बालमैत्री स्थानीय शासनका सूचकको बार्षिक मापनः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरे पश्चात हरेक वर्ष अनुसूची ९ बमोजिमका सूचकहरुमा भएको प्रगति मापन मापन गरी सुधार तथा दिगोपनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका सूचकहरु मापन तथा कार्ययोजना तयार गर्दा विज्ञता तथा निष्पक्षता कायम गर्न सम्बन्धित विषयमा अनुभवी बाह्य परामर्शदाताको उपयोग गर्नुपर्ने छ।

२४. **बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था वर्गीकरणः** (१) गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन गरे पश्चात हरेक वर्ष अनुसूची ९ बमोजिमका सूचकहरुमा भएको प्रगति मापन मापन गरी अनुसूची १० बमोजिम वर्गीकरण गरी आफ्नो स्तर निश्चित गर्नेछ।

२५. **बालमैत्री स्थानीय शासन सम्बन्धी वस्तुस्थिति विवरण र स्थिति पत्र तयार गर्नेः** गाउँपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी हरेक वर्ष अनुसूची ११ बमोजिमका वस्तुस्थिति विवरण र अनुसूची १२ बमोजिम बालबालिकाको स्थिति विवरण तयार गर्नुपर्नेछ।

२६. **बालमैत्री स्थानीय शासन सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्नेः** गाउँपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी हरेक त्रैमासिकमा गाउँ कार्यपालिकामा र वार्षिक रुपमा प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने छ।

## परिच्छेद – ७

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

२७. **बाल अधिकार समितिहरुको गठनः** गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा गाउँपालिका, वडा र बस्तीस्तरमा बाल अधिकार समिति गठन र सञ्चालन गर्नेछ।

**२८. स्थानीय बाल अधिकार समितिको गठनः** स्थानीय बाल अधिकार समिति देहायअनुसारका सदस्यहरु रहनेछन्:

(क) गाउँपालिका उपाध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिकाले मनोनयन गरी तोकेको महिला सदस्य सहित कम्तीमा २ जना वडा सदस्य – सदस्य

(ग) गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट कम्तीमा २ जना – सदस्य

(घ) सूचिकृत समाजसेवी र बालमनोविज्ञ १ जना – सदस्य

(ङ) गाउँपालिका भित्रका चिकित्सक वा मनोचिकित्सकहरु मध्येबाट १ जना – सदस्य

(च) गाउँपालिकाको शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी २ जना – सदस्य

(छ) गाउँपालिका बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना बालबालिका – सदस्य

(ज) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी – सदस्य

(झ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित ३ जना – सदस्य

(ञ) बाल कल्याण अधिकारी – सदस्य सचिव

(ट) उपदफा (१) को खण्ड (ख), (झ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

**२९. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) गाउँपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) गाउँपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दूर्व्यवहार तथा अन्य सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) गाउँपालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने, र प्रदेश समिति, प्रदेश मन्त्रालय, संघीय मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) गाउँपालिकाको नीति कार्यक्रम तथा बजेट अनुसारका बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ट) संघ तथा प्रदेशको बालबालिका सम्बन्धी कार्यक्रमहरुमा सहजीकरण तथा सहयोग गर्ने,

(ठ) स्थानीय तहमा बालबालिका खोजतलास केन्द्र १०४ तथा बाल हेल्पलाइन १०९८ सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ड) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ढ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(ण) प्रचलित कानुनबमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(त) गाउँपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीतलहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(थ) गाउँपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पूनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, संघीय मन्त्रालयमा पठाउने,

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता हुने क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिकालाई प्रचलित ऐन कानुन बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बाल गृह, बाल संरक्षण केन्द्र, पूनर्स्थापना केन्द्र वा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

६) बाल गृहमा आश्रित बालबालिकाका लागि वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार व्यवस्था मिलाइ राखिएको छ वा छैन,

७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानुनको पालन गर्नुपर्ने व्यवस्थाहरु पालन गरेको छ वा छैन,

८) उपलब्ध स्रोत परिचालन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३०. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नुपर्ने कुनै काम अझ प्रभावकारी रुपले सञ्चालन गर्नको निमित्त बालबालिका क्षेत्रमा कार्यरत वा सम्बन्धित तथा विज्ञता भएको व्यक्ति समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने पारिश्रमिक वा सेवा सुविधा प्रचलित कानुनको आधारमा समितिले तोकी दिएबमोजिम हुनेछ ।

**३१. वडास्तरीय बाल अधिकार समितिः** (१) वडास्तरीय बाल अधिकार समितिको गठन देहायका सदस्यहरु रहने गरी गठन गरिनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य – सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको बाल अधिकार सम्पर्क शिक्षकमध्येबाट बढीमा ३ जना – सदस्य

(घ) वडास्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना – सदस्य

(ङ) वडाको वा वडासँग सम्बन्धित प्रहरी कार्यालयका प्रहरी प्रमुख वा तोकिएको प्रहरी – सदस्य

(च) समाजसेवी, बालमनोविज्ञ, बालअधिकार क्षेत्रमा अनुभवी व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका ३ जना –सदस्य

(छ) वडा सचिव – सदस्य सचिव

(२) समितिका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(३) समितिले आवश्यकतानुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यायलय व्यवस्थापन समिति वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**३२. वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) वडास्तरीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका सम्बन्धी नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्ने,

(ख) बालमैत्री वडा स्थापनाका लागि सहजीकरण र सहयोग गर्ने,

(ग) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन गर्ने,

(घ) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ङ) बालबालिकासँग सम्बन्धित उजुरीहरूको संकलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने,

(छ) वडामा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार लगायतका बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि कार्यक्रमहरु गर्ने,

(ज) वडामा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने,

(झ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ञ) वडामा रहेका बाल क्लब, सञ्जाल, समूहको सूची तयार गर्ने र गाउँपालिकामा उपलब्ध गराउने,

(ट) वडामा सञ्चालित बालगृह, बाल संरक्षण केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

**३३. समुदाय स्तरीय बाल अधिकार समितिः** (१) एक बस्तीलाई समेट्ने गरी उक्त बस्तीमा कम्तीमा एक वटा समुदाय स्तरीय बाल अधिकार समितिको गठन देहायका सदस्यहरु रहने गरी गठन गरिनेछः

(क) वडा समितिले तोकेको वडा सदस्य – अध्यक्ष

(ख) टोल विकास संस्थाका अध्यक्ष - सदस्य

(ग) आमा समूहका अध्यक्ष – सदस्य

(घ) बालअधिकार क्षेत्रका स्थानीय विज्ञ – सदस्य

(ङ) स्थानीय विद्यालयका प्रतिनिधि – सदस्य

(च) स्थानीय स्वास्थ्य संस्थाका प्रतिनिधि – सदस्य

(छ) बाल क्लबका प्रतिनिधि (कम्ती ३३ प्रतिशत बालिका) – सदस्य

(ज) टोल विकास संस्थाका सचिव – सदस्य सचिव

(२) समितिका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(३) बस्तीमा अधिकतम् १०० भन्दा बढी घरधुरी रहेको भएमा टोल विकास संस्था/टोल सुधार समितिको क्षेत्रसँग अधिकतम् मिल्ने गरी आवश्यकतानुसार बाल अधिकार समिति गठन र सञ्चालन गर्न सकिनेछ।

**३४. समुदाय स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) समुदाय स्तरीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वस्तीस्तरमा बाल अधिकार र बाल विकासका नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्ने,

(ख) बाल अधिकार र बाल विकासका सचेतनामुलक कार्यक्रमहरु कार्यान्वयन गर्ने,

(ग) बालमैत्री वस्ती तथा वडा स्थापनाका लागि सहजीकरण र सहयोग गर्ने,

(घ) वस्तीमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार लगायतका बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि कार्यक्रमहरु गर्ने,

(ङ) बाल अधिकार र बाल विकास सम्बन्धी कार्यक्रमका लागि वडा तथा गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने।

**परिच्छेद – ८**

**बाल कल्याण अधिकारी सम्बन्धी व्यवस्था**

**३५. बाल कल्याण अधिकारीको नियुक्तिः** (१) गाउँपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुनेगरी एक जना बाल कल्याण अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा सो शाखाका अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बाल कल्याण अधिकारीले गाउँपालिका बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ।

**३६. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँपालिका र बाल अधिकार समितिको निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्न सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने,

(ख) गाउँपालिकालाई बालबालिका सम्बन्धी स्थानीय नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने,

(ग) गाउँपालिकाको आवधिक तथा वार्षिक नीति, योजना र बजेट कार्यान्वयन गर्न सहजीकरण तथा व्यवस्थापन गर्ने,

(घ) गाउँपालिकाका बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने,

(ङ) जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन लगायतका कार्यका लागि सहजीकरण गर्ने,

(च) आन्तरिक तथा अन्तरदेशीय धर्म पुत्र/धर्म पुत्रीका रुपमा जान योग्य बालबालिकाको विवरण राष्ट्रिय बाल अधिकार परिषदमा उपलब्ध गराउने,

(छ) बालहिंसा सम्बन्धी कसूरको अनुसन्धान प्रक्रियामा पीडित बालबालिकाको संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ज) वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन सम्बन्धित निकायहरुमा पेश गर्ने,

(झ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

(ञ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता तथा नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ट) गाउँपालिका र बाल अधिकार समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ९

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

**३७. बाल मनोविज्ञ तथा समाजसेवीको सूचीकरण तथा नियुक्तिः** (१) स्थानीय तहका क्षेत्रभित्र बालमनोविज्ञ तथा बाल अधिकार क्षेत्रमा समाजसेवीको रूपमा काम गर्न चाहने व्यक्तिले गाउँपालिका बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका लागि गाउँपालिका बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ ।

(३) बाल मनोविज्ञ तथा समाजसेवीको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित गाउँपालिका बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम् योग्यता पुगेका निवेदकहरूलाई बाल मनोविज्ञ वा समाजसेवीका रूपमा सूचीकृत गरी स्थानीय बालअधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ।

(५) सूचीकृत बालमनोविज्ञ र समाजसेवी मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने बाल मनोविज्ञ र समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(६) नियुक्त हुने बालमनोविज्ञ र समाजसेवीको पारिश्रमिक गाउँपालिकाले व्यवस्था गर्नेछ।

**३८. सेवा प्रदायकको नक्साङ्कन र सूचीकरणः** (१) गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनमा काम गर्ने संस्थाहरूलाई पालिकाले सूचीकृत गर्नेछ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरुले स्थानीय बाल अधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन्।

(३) उपदफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरुलाई सेवा प्रदायक निकायको रुपमा गाउँपालिका बाल अधिकार समितिले सूचीकृत गरेको सुचना प्रकाशन गर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद – १०

## बाल कोष स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**३९. बाल कोष स्थापनाः** (१) गाउँपालिका भित्रका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बचाउ, संरक्षण र विकासका लागि गाउँपालिकाले बाल कोष स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्था वा व्यक्तिबाट प्राप्त हुने सहायता रकम

(ग) न्यायिक समितिद्वारा बालहिंसाका कसूरदारबाट संकलन गरिएको जरिवाना रकम

(घ) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ङ) बाल विकासका लागि तोकिएका र प्राप्त हुने अन्य रकम ।

**४०. बाल कोषको प्रयोगः** (१) गाउँपालिकामा यस कार्यविधि अन्तरगत स्थापना भएको बाल कोषको उपयोग बाल बचाउ, बाल संरक्षण र बाल विकासका गतिविधि सञ्चालनका लागि मात्र गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषको प्रयोग देहाय बमोजिमका कार्यहरुमा गरिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउने।

**४१. बाल कोष सञ्चालक समितिः** (१) गाउँपालिकाको बाल कोष सञ्चालक समितिमा देहायका सदस्यहरु रहनेछन्:

(क) अध्यक्ष, गाउँपालिका बाल अधिकार समिति – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) लेखा प्रमुख – सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना – सदस्य

(ङ) बाल कल्याण अधिकारी – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

**४२. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) गाउँपालिकाको बाल कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँपालिकाले बालकोषका लागि विनियोजित रकम कोषमा जम्मा गर्ने,

(ख) दफा ३९ अनुसारका तथा अन्य सम्भावित स्रोतहरुको पहिचान गरी कोषमा आय बृद्धि गर्न पहल गर्ने,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बचाउ, संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(घ) बाल कोष परिचालनका लागि कार्यविधि तर्जुमा गरी गाउँपालिकाबाट स्वीकृत गराउने,

(ङ) कोष परिचालन कार्यविधिबमोजिम कोषको परिचालन वा व्यवस्थापन गर्ने,

(च) बालकोषको लेखापरीक्षण गराउने र सुझावहरुको कार्यान्वयन गर्ने।

(छ) बालकोष परिचालन सम्बन्धी अन्य कार्यहरु गर्ने।

**४३. बाल कोषको खाता सञ्चालनः** गाउँपालिकाको बाल कोषको खाता सञ्चालन कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिअनुसारका बैंकमा गाउँपालिकाको अन्य खाता जस्तै वा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ।

**४४. बाल कोषको लेखा र लेखा परीक्षणः** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार गाउँपालिका आफैले राख्नेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद – ११

## विविध

**४५. स्रोतको व्यवस्थापनः** (१) बालबालिकाका लागि आवश्यक कार्यक्रमहरुको पहिचान गरी आवश्यक बजेटको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) को अतिरिक्त बाल कोषमा आय बढाउनका लागि गाउँपालिकाले संघ, प्रदेश तथा अन्य विकास साझेदार तथा निजी क्षेत्रका निकायहरुसँग समन्वय र साझेदारी गर्न सक्नेछ ।

**४६. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा बालबालिकाको विकास कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई गाउँपालिकाले पुरस्कार दिन वा संघसंस्थासँग वित्तीय साझेदारी गर्न सक्नेछ ।

**४७. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

**४८. संशोधन गर्न सकिनेः** यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**४९. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अबलम्वन गर्दा बालबालिका

सम्बन्धी प्रचलित कानूनमा भएको बाल अधिकार संरक्षण र संवर्द्धनका व्यवस्थाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची–१

## दफा ८(२) सँग सम्बन्धित

## अनाथ वेवारिसे वा स्याहार संरक्षण गर्ने बाबु आमा नभएको बालबालिका सम्बन्धी सूचना

श्री बाल कल्याण अधिकारी/ ………………. प्रहरी कार्यालय,

…………………….. गाउँपालिका,

………………….. जिल्ला ।

विषयः वेवारिसे अवस्थामा बालबालिका फेला परेकोले उद्धार तथा संरक्षणार्थ प्रस्तुत गरेको ।

महोदय,

………….. जिल्ला …………. …………पालिका वडा नं … मिति ……………… वारका दिन ……. बजेको समयमा बेवारिस अवस्थामा रहेको देहाय बमोजिमको विवरणको बालक/ बालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था गरिदिन हुन यो निवेदन पेश गरेको छु ।

तपसिल

| क्र सं | शिर्षक | विवरण |
|---|---|---|
| १ | फेला परेको बालक/बालिकाको नाम थर | |
| २ | हुलिया | |
| ३ | उचाइ | |
| ४ | उमेर | |

| | | |
|---|---|---|
| ५ | लिङ्ग | |
| ६ | शारिरीक अवस्था | |
| ७ | सक्षमता | |
| ८ | बालक/बालिका सम्बन्धी थाह हुन आएको अन्य कुरा | |

फेला पार्ने व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं

हस्ताक्षरः

## अनुसूची-२

## दफा ८(४) सँग सम्बन्धित

## बालगृहले पूरा गर्नुपर्ने न्यूनतम् मापदण्ड

### (क) भौतिक पूर्वाधार र सुविधा

१) बालगृह रहने भवन बाढी, पहिरो जस्ता प्राकृतिक जोखिम नहुने ठाउँमा हुनु पर्ने,

२) बालगृहको जग्गाको क्षेत्रफल भवन संरचनाको ३ गुना हुनु पर्ने र आँगनको व्यवस्था हुनु पर्ने,

३) बालगृह पर्खालसहितको सुरक्षित, सुविधाजनक, बालमैत्री एवम्अपाङ्गतामैत्री हुनु पर्ने,

४) बालबालिकाको शयन कक्षमा प्रत्येक बालबालिकाका लागि कम्तीमा ३० वर्ग फिट सतह पर्ने एउटा शयन कक्षमा बढीमा ४ जना बालबालिकासम्म बालबालिका राख्ने, खाट एक तल्लाको मात्र हुनेगरी मौसम अनुसारको पर्याप्त र सफा ओढ्नेओछ्याउने उपलब्ध हुनु पर्ने,

५) बालक र बालिकाको सुत्ने व्यवस्था बेग्लाबेग्लै भवन, तला वा खण्डमा हुनु पर्ने,

६) बिरामी वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति हेरचाहकर्तालाई नजिकै सुताउने व्यवस्था हुनु पर्ने,

७) बालबालिकालाई आफ्नो निजी सरसामान, शैक्षिक सामग्री र कपडा राख्नको लागि प्रत्येक सुरक्षित स्थान उपलब्ध गराउनु पर्ने,

८) बालक र बालिकाका लागि (१० जना सम्मका लागि) अलग्गै सफा तथा बालमैत्री र लैङ्गिकमैत्री शौचालय र स्नानघरको व्यवस्था हुनु पर्ने,

९) बालबालिकालाई व्यक्तिगत सरसफाइका लागि आवश्यक स्वच्छ, चिसो र तातोपानी उपलब्ध हुनुपर्ने

१०) बालगृहमा फोहोरको उपयुक्त व्यवस्थापन गर्नुपर्ने,

११) बालगृह रहेको भवनमा अनिवार्य रुपमा भान्सा, भण्डार, भोजन, शयन, अध्ययन तथा पुस्तकालय, मनोरञ्जन, मनोविमर्श तथा प्राथमिक उपचार, कार्यालय लगायत जस्ता कक्षहरुको व्यवस्था हुनु पर्ने,

१२) उक्त कक्षहरुमा आवश्यक र उपयुक्त फर्निचर, सामान, झ्याल र घाम तथा हावा पुग्ने हुनु पर्ने,

१३) अग्नि नियन्त्रण उपकरणको व्यवस्था हुनु पर्ने,

१४) बालगृहको साइनबोर्ड सबैले देख्ने गरी राख्नु पर्ने ।

**(ख) बालबालिकाका लागि आधारभूत सेवा सुविधा**

१) बालबालिकाका लागि स्वस्थ र पोषणयुक्त पर्याप्त खानाको व्यवस्था (बिहानको खाजा, खाना, अपरान्हको खाजा र बेलुकीको खाना) हुनुपर्ने,

२) बालबालिकालाई पत्रु खाना (Junk food) खुवाउनु नपाइने,

३) बालबालिकालाई नियमित स्वास्थ्य जाँच र उपचारको व्यवस्था हुनु पर्ने,

४) बालबालिकालाई मौसम अनुसारको अनौपचारिक पोशाक, विद्यालय जाने बालबालिकाका लागि मौसम अनुसारको कम्तीमा दुइ जोर विद्यालय पोशाकको व्यवस्था गर्नु पर्ने,

५) ओढ्ने, ओछयाउने, लगाउने लुगाहरु लगायतका लत्ताकपडाहरु सफा राख्ने व्यवस्था मिलाउनु पर्ने,

६) प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा औपचारिक शिक्षाको प्रवन्ध गर्नु पर्ने,

७) औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षाको प्रवन्ध गर्नु पर्ने,

८) बालगृहमा बिहान वा बेलुकी शिक्षण–सिकाइको व्यवस्था गर्नु पर्ने,

९) फरक क्षमता (अपाङ्गता) भएका बालबालिकाका लागि खाना बास लत्ताकपडा, सरसफाइ र शिक्षाको उचित प्रवन्ध मिलाउनु पर्ने ।

**(ग) बाल संरक्षण**

१) संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु पर्ने,

२) बालबालिकालाई जातजाति, भूगोल, धर्म, लिङ्ग, भाषा, शारीरिक, मानसिक जस्ता अवस्थाका आधारमा भेदभाव गर्नु नहुने,

३) बालबालिकालाई हुन सक्ने सबै किसिमका हिंसा प्रति शुन्य सहनशीलताको आचार संहिता लागू भएको हुनुपर्ने,

४) बालबालिकाको जन्मदर्ता प्रमाणपत्र बनाई दिनु पर्ने,

५) बालबालिकालाई आवश्यकता अनुसार मनोसामाजिक परामर्शको व्यवस्था हुनु पर्ने,

६) बाल अधिकार बाहिरका कुनैपनि कार्यमा बालबालिकालाई प्रयोग गर्न नपाइने,

७) बालबालिका बालगृहभित्र वा बाहिर जाँदाको समयमा हिंसामा परेमा तत्काल उद्धार र कानुनी संरक्षणको व्यवस्था मिलाउने प्रणाली लागू भएको हुनुपर्ने,

८) बालबालिकाको सहज पहुँच र गोपनीयता कायम हुने गरी बालगृहमा गुनासो/सुझाव पेटिकाको व्यवस्था भएको हुनुपर्ने,

९) बालगृहमा गुनासो सुनुवाईका लागि विधि तयार गरी लागू गरेको हुनु पर्ने,

१०) बालगृहमा बालबालिकासँग असम्बन्धित तथा शंकास्पद व्यक्तिको सम्पर्क निषेध गर्ने नीतिगत व्यवस्था लागू भएको हुनु पर्ने,

११) बालगृहमा आवासीय कर्मचारीबाहेक कुनै पनि व्यक्तिहरुलाई बास बस्न निषेध गर्ने व्यवस्था लागू गरेको हुनु पर्ने,

१२) बालगृहमा कुनै दूर्घटना भएमा वा बालबालिकालाई आपतकालीन अवस्था भएमा अपाङ्गता भएका बालबालिकाले पनि तत्काल सूचना दिन सक्ने व्यवस्था मिलाउनु पर्ने,

१३) सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउनु पर्ने,

१४) बालबालिकाको पारिवारिक धर्म र संस्कार अनुसारको क्रियाकलाप गर्ने व्यवस्था भएको हुनु पर्ने,

१५) बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु, गराउनु नपाइने नीतिगत व्यवस्था लागू भएको हुनु पर्ने,

१६) बालगृह र बालबालिकाको सहमतिबिना कसैलाई पनि फोटो, भिडियो खिच्न दिनु नहुने,

१७) बालबालिकालाई बालगृहमा कसैले पनि हेपाइ/बुलिङ गर्न नपाइने व्यवस्था भएको हुनु पर्ने,

१८) ३ वर्षसम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तीमा १ जना, ४ देखि १० वर्षसम्मका लागि १० जनामा कम्तीमा १ जना हेरचाहकर्ता (कम्तिमा एकजना महिला) व्यवस्था गरेको हुनु पर्ने,

१९) बालिका मात्रका लागि सञ्चालित बालगृहमा महिला आवासीय कर्मचारी महिलाको व्यवस्था भएको हुनु पर्ने।

**(घ) मनोरञ्जन, खेलकुद, विकास, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलाप**

१) बालगृहभित्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासका लागि उमेर, रुची, क्षमता अनुसारको मनोरञ्जन, खेलकुद, श्रव्यदृष्य सामग्री लगायत बालगृह बाहिर समेत उपयुक्त खेलकुदको व्यवस्था हुनु पर्ने,

२) बालबालिकाको रुची अनुसार चित्रकला, मुर्तिकला, गीत, संगीत, साहित्य लगायतका सिर्जनात्मक कार्यहरु गर्ने व्यवस्था गर्नु पर्ने,

३) बालगृहका १६ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई जीवनोपयोगी तथा उनीहरुको रुची र क्षमता अनुसारको तालिमको व्यवस्था हुनु पर्ने,

४) बालबालिकालाई वर्षमा कम्तिमा एक पटक वनभोज वा शैक्षिक भ्रमणको व्यवस्था गर्नु पर्ने,

५) बालगृहमा बाल क्लवको व्यवस्था भएको हुनु पर्ने ।

**(ङ) सूचना व्यवस्थापन**

१) बालबालिकाको फोटोसहित वैयक्तिक विवरण, जन्मदर्ता प्रमाणपत्र, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, घटना व्यवस्थापन जस्ता सूचना अद्यावधिक रुपमा व्यवस्थापन भएको हुनु पर्ने,

२) प्रचलित कानूनबमोजिम बालबालिकाका संवेदनशील सूचनाको गोपनीयता कायम भएको हुनु पर्ने,

३) बालगृहभित्र बालबालिका, बालगृहका पदाधिकारी र कर्मचारी, बाह्य आगन्तुक वा अन्य व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिता राख्नु पर्ने,

४) बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिका लगायत कसैबाट पनि लागूपदार्थ, चुरोटसुर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नु पर्ने,

५) बालगृहको प्रशासनिक र आर्थिक लगायतका सूचना वा फाइल अध्यावधिक राख्नु पर्ने ।

**(च) अन्य व्यवस्था**

१) बालगृहमा दैनिक तथा साप्ताहिक कार्यतालिका र भोजन तालिका बनाई कार्यान्वयन गर्नु पर्ने,

२) बालबालिकालाई समय समयमा आफन्तसँग सम्पर्क तथा भेटघाट गर्ने व्यवस्था गर्नु पर्ने,

३) बालगृहमा कार्य गर्ने सबै कर्मचारीलाई बालगृहको नीति तथा मापदण्ड, बाल अधिकार र बालमैत्री व्यवहारबारे अनुशिक्षण वा तालिम दिएको हुनुपर्ने,

४) बालगृहमा कम्तीमा ३० जना बालबालिका लागि देहायको संख्यामा कर्मचारी हुनुपर्नेः

क) भान्से तथा हेरचाहकर्ता (महिला १ जना सहित) २ जना पूर्णकालीन

ख) शिक्षण, सिकाइ सहजकर्ता १ जना पूर्णकालीन/आंशिक

ग) व्यवस्थापक÷प्रशासक १ जना पूर्णकालीन

घ) मनोविमर्शकर्ता १ जना पूर्णकालीन/आंशिक

ङ) स्वास्थ्यकर्मी १ जना पूर्णकालीन/आंशिक

च) खेल/मनोरञ्जन सहयोगी १ जना आंशिक

छ) सामाजिक कार्यकर्ता १ जना पूर्णकालीन/आंशिक

५) बालगृहमा रहने कर्मचारी र स्वयंसेवकको नियुक्ति र सेवा सुविधा सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने।

## अनुसूची-३

## दफा ११(१) सँग सम्बन्धित

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,

देवघाट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

देवघाट-तनहुँ।

विषयः बाल क्लब/संस्था/सञ्जाल दर्ता गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा तनहुँ जिल्ला देवघाट पालिका वडा नं...... ............................... टोल स्थित बाल क्लब/ संस्था/सञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी .......... जना सम्मिलित हुनेगरी .......................................... नामक बाल क्लब/संस्था/सञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली २०७७ को नियम ४ को उपनियम (१) बमोजिम उल्लेखित बाल क्लब/संस्था/सञ्जाल दर्ता गरिदिनु हुन अनुरोध छ।

संलग्न गरिएका कागजातहरु:

१) बाल क्लब/संस्था/सञ्जाल आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण

२) बाल क्लब/संस्था/सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

३) बाल क्लब/संस्था/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

४) बाल क्लब/संस्था/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखतः

नामः

पदः

सम्पर्क नं.:

**अनुसूची-४**

**दफा ११(२) सँग सम्बन्धित**

**बाल क्लब/संस्था/सञ्जाल दर्ता प्रमाणपत्रको नमुना**

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

बाल क्लब/संस्था/सञ्जाल दर्ता प्रमाण पत्र

दर्ता नं................

दर्ता मितिः.....................

श्री ................ ............... बाल क्लब/संस्था/सञ्जाल

ठेगाना ............ ..................

स्याङ्जा जिल्ला देवघाट गाउँपालिकाको .................. ................ टोल/विद्यालय/बालगृह/बालग्राममा गठन भएको ................ ............... बाल क्लब/संस्था/सञ्जाललाई यस देवघाट गाउँपालिकामा दर्ता गरी बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०८२ को परिच्छेद.............दफा............ले व्यवस्था गरे अनुसार बाल क्लब/संस्था/सञ्जाल दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण, संवर्धन तथा विकास कार्यमा नेपालको सविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

नवीकरण पृष्ठ

संस्था नवीकरण विवरण

| **गत आर्थिक वर्ष** | **बालबालिकाको विवरण** | | | **तलका विवरण पेश भएको/नभएको** | | | **नवीकरण हुने आर्थिक वर्ष** | **नवीकरण भएको मिति** | **आधिकारिक दस्तखत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | प्रगति विवरण | आर्थिक विवरण | वार्षिक साधारण सभा र बैठकहरु | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची-५
## दफा ११(३) सँग सम्बन्धित
## बाल क्लब/संस्थाको सदस्यहरुको विवरण फारम ढाँचा

| क्र सं | नाम थर | लिङ्ग | ठेगाना | विद्यालय | कक्षा | संस्थामा प्रवेश मिति | जन्म मिति | अपाङ्गता वा अन्य स्थिति | बाबुको नाम | आमाको नाम | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**अनुसूची-६**
**दफा ११(४) सँग सम्बन्धित**
**बाल क्लब/संस्था/सञ्जाल नवीकरणका लागि निवेदन नमुना**

मिति:..................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।

विषयः– बाल क्लब/संस्था/सञ्जाल नवीकरण गरी पाऊ ।

महोदय,
स्याङ्जा जिल्ला देवघाट गाउँपालिका वडा नं .. स्थित ……….
टोल/विद्यालय/बालगृह/बालग्राममा …………….. …………… नामको बाल क्लब/संस्था/सञ्जाल तहाँको गाउँपालिकामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम ९६० बमोजिम मिति ……………. मा दर्ता भै क्रियाशील रहदै आएकोमा देहायका निर्णयहरु तथा प्रगति प्रतिवेदन संलग्न राखी यस आर्थिक वर्षको लागि नवीकरण गरिदिन हुन विनम्र अनुरोध गर्दछु ।

संलग्न
१) गत आर्थिक वर्षको आर्थिक र कार्यक्रम प्रगति प्रतिवेदन,
२) संस्थाको वार्षिक साधारण सभा र बैठक निर्णयहरुको प्रतिलिपि

निवेदक
दस्तखतः
नामः
पदः

## अनुसूची – ७
## दफा ११ (६) सँग सम्बन्धित
## बाल क्लब/संस्था/सञ्जाल दर्ता तथा नवीकरण किताबको ढाँचा

दर्ता नं................

दर्ता मितिः.............................

श्री ............... ............... बाल क्लब/संस्था/सञ्जाल

ठेगाना ........... ..................

| **गत आर्थिक वर्ष** | **बालबालिकाको विवरण** | | | **तलका विवरण पेश भएको/नभएको** | | | **नवीकरण हुने आर्थिक वर्ष** | **नवीकरण भएको मिति** | **आधिकारिक दस्तखत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | प्रगति विवरण | आर्थिक विवरण | वार्षिक साधारण सभा र बैठकहरु | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः हरेक बाल क्लब/संस्था/सञ्जालको विवरण अलग अलग पृष्ठमा राख्ने व्यवस्था मिलाउने ।

**अनुसूची – ८**

**दफा १३(३) सँग सम्बन्धित**

**बाल सञ्जालको सदस्यहरुको विवरण फारम ढाँचा**

| क्र सं | बाल क्लबको नाम | ठेगाना | टोल/विद्यालय/बालगृह /बालग्राम | संस्थामा प्रवेश मिति | स्थापना मिति | अध्यक्षको नाम | सम्पर्क नं | सचिवको नाम | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची – ९**

**दफा १७(४) सँग सम्बन्धित**

**बालमैत्री स्थानीय शासनका सूचकहरु र न्यूनतम प्रगति प्रतिशत**

| क्र सं | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्राप्ताङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| **क** | बाल बचाऊ | | | | | |
| **१** | गर्भवती महिलाहरुले कम्तीमा प्रसूति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | | | ९५ | | |
| **२** | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनेछन् । | | | ९५ | | |
| **३** | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | | | ९५ | | |
| **४** | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | | | ८० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | | | ८० | | |
| ६ | ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | | | १०० | | |
| ७ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | | | १०० | | |
| ८ | एचआइभि संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | | | १०० | | |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | | १०० | | |
| १० | कम तौल, पुड्कोपन र ख्याउटेपन हुने पाँच वर्षमुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | | ८० | | |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या न्यून भएको हुनेछ । | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१२** | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। | | | १०० | | |
| **१३** | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। | | | १०० | | |
| **१४** | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेको तथा वडा/गाउँपालिका खुला दिसामुक्त घोषणा भएको हुनेछ। | | | १०० | | |
| **ख** | बाल संरक्षण | | | १०० | | |
| **१५** | ५ वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | | | १०० | | |
| **१६** | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पूनर्स्थापना भएको हुनेछ। | | | १०० | | |
| **१७** | गाउँपालिका बाल विवाहमुक्त भएको हुनेछ। | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका बिरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दूर्व्यवहारमा कमी आएको हुनेछ । | | | ८० | | |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । | | | १०० | | |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | | ९५ | | |
| २१ | गाउँपालिका/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेको हुनेछ । | | | १०० | | |
| २२ | गाउँपालिकामा सडक बालबालिकाको सङ्ख्या शून्य भएको हुनेछ । (सडक बालबालिका भएमा उनीहरुलाई बालगृहमा राखी व्यवस्थापन भएको हुने) । | | | १०० | | |
| २३ | गाउँपालिकामा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ। | | | १०० | | |
| ग | बाल विकास | | | १०० | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउ दर सत प्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएको बालबालिकाहरुको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | | १०० | | |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सत प्रतिशत बालबालिकाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) पुरा गरेका हुनेछन्। | | | १०० | | |
| २७ | प्रत्यक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। | | | १०० | | |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सरक्षित भएको हुनेछन्। | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | | | १०० | | |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेको हुनेछन् । | | | १०० | | |
| घ | बाल सहभागित | | | | | |
| ३१ | गाउँपालिकामा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३२ | गाउँपालिकाका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३३ | कक्षा ५ भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहेको हुनेछ । | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ। | | | १०० | | |
| ३५ | गाउँपालिकामा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | | | ९० | | |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु गाउँपालिकाको योजनामा समावेश भएको हुनेछ। | | | १०० | | |
| ङ | संस्थागत विकास | | | | | |
| ३७ | गाउँपालिका, वडा र वस्तीस्तरमा बाल अधिकार समिति वा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेको हुनेछन्। | | | १०० | | |
| ३८ | गाउँपालिकाले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनेछन्। | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | गाउँपालिका/वडामा कम्तीमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | | | ८० | | |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा गाउँपालिकाको विकास योजना र बालबालिकाका लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | | | १०० | | |
| ४१ | गाउँपालिकाको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | | | १०० | | |
| ४२ | गाउँपालिकामा बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन र अध्यावधिक भएको हुनेछ । | | | १०० | | |
| ४३ | प्रारम्भिक बाल विकास केन्द्रहरुले गाउँपालिकाले तोकेका मापदण्ड पुरा गरेका हुनेछन् । | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | | १०० | | |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुको जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम) प्राप्त गरेका हुनेछन् । | | | ८० | | |
| ४६ | गाउँपालिकामा रहेका प्रहरी कार्यालयहरुमा बालमैत्री कक्ष र बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ । | | | १०० | | |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु गाउँपालिकाले तोकेको न्यूनतम् मापदण्डअनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | | १०० | | |
| ४८ | गाउँपालिकाको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | बस पार्क, सिनेमाहल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानीको व्यवस्था भएको हुनेछ । | | | १०० | | |
| ५० | गाउँपालिकाको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता संवोधन गरेन प्रावधान समावेश भएको हुनेछ । | | | १०० | | |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | | १०० | | |

# अनुसूची – १०

## दफा २४ सँग सम्बन्धित

## गाउँपालिकाको स्तर वर्गीकरणका आधारहरु

| स्थानीय तहको वर्गीकरण | आधारभुत सूचक | घोषणाको स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडा समितिको सिफारिसमा कार्यपालिकाको बैठक | ८०% वा सोभन्दा बढी |
| बालमैत्री उन्मुख वडा | ७०% देखि ७९% सम्म | वडा प्रतिवेदनको आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह गापा/नपा) | (७०% देखि ७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |

अनुसूची – ११

दफा २५ सँग सम्बन्धित

बालमैत्री स्थानीय शासन गाउँपालिका वस्तुगत विवरणको खाका

(क) प्रोफाइलको कभरपृष्ठ

(ख) गाउँपालिकाको नक्सा

(ग) मन्तव्य (आवश्यक भएमा)

## १. गाउँपालिकाको परिचय

१.१ गाउँपालिकाको भौगोलिक अवस्थिति

१.२ हावापानी, भू-उपयोग

१.३ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

१.४ गाउँपालिकाको आर्थिक अवस्था

१.५ गाउँपालिकाका वासिन्दाहरुको प्रमुक व्यवसाय तथा रोजगारीको अवस्था

१.६ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरु

## २. बालमैत्री स्थानीय शासनको अवधारण र कार्यक्षेत्र

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

२.२ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था

२.३ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था

२.४ बाल समूह वा बाल क्लबहरु

२.५ बालमैत्री गाउँपालिकाको अवधारण

२.६ बालमैत्री स्थानीय शासनको अवधारण

२.७ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

२.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु

२.९ बालमैत्री सुशासनयुक्त गाउँपालिकाको स्थापनाका लागि अवसर र सम्भावनाहरु

**३. जनसंख्या**

३.१ उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

३.२ मातृभाषाका आधारमा जनसंख्या

३.३ जनसंख्या वृद्धिदर

३.४ जन्म दर्ता सम्बन्धी विवरण

३.५ बाल विवाहको अवस्था

३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

**४. बाल तथा मातृ स्वास्थ्य**

४.१ सुरक्षित मातृत्व कार्यक्रम

४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

४.३ बालबालिकामा पोषणको स्थिति

४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तिनको उपचार व्यवस्था

४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

४.६ प्रसूति पूर्व चार पटक र प्रसूति पश्चात र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाको विवरण

४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

४.८ नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण

४.९ भिटामिन "ए" तथा जुकाको औषधी खाएका बालबालिका सम्बन्धी विवरण

४.१० आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार समबन्धी विवरण

४.११ सार्वजनिक तथा निजी चर्पी र सरसफाई सम्बन्धी विवरण

४.१२ खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण

## ५. शैक्षिक अवस्था

५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

५.२ शैक्षिक संस्थाहरुको विवरण

५.३ छात्रछात्राको विवरण

५.४ विद्यार्थी भर्ना दर

५.५ कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धी विवरण

५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विविरण

५.७ तहगत रुपमा कुल शिक्षक सम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)

५.८ शिक्षकको तालिम सम्बन्धी विवरण

५.९ गाउँपालिकास्तरमा विद्याथी र शिक्षकको अनुपाल

५.१० विद्यालयमा खानेपानीको सुविधा

५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था

५.१२ कक्षा कोठा, फर्निचर, खेल मैदान सम्बन्धी विवरण

५.१३ विद्यालय जान लाग्ने समय

५.१४ विद्यालय जान छोड्नेहरु सम्बन्धी विवरण

५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

**६. बाल संरक्षण**

६.१ द्वन्द पीडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

६.३ बालश्रमिक सम्बन्धी विवरण

६.४ बाल यौन शोषण तथा बेचबिखन सम्बन्धी विवरण

६.५ सडक बालबालिकाको विवरण

६.६ कुलतमा लागेका बालबालिकाको विवरण

६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

**७. आर्थिक विकास**

७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

७.२ युवा रोजगारी सम्बन्धी विवरण

७.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण

७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

**८. प्रकोप तथा शान्ति सुरक्षा**

८.१ प्रकोपको विवरण

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

८.३ बाल अपराधको विवरण

## अनुसूची – १२

## दफा २५ सँग सम्बन्धित

## बालबालिकाको स्थिति विवरणको ढाँचा

क) प्रतिवेदन कभरपृष्ठ
ख) गाउँपालिकाको नक्सा
ग) मन्तव्य (आवश्यक भएमा)

**भाग १ परिचय**

१.१ गाउँपालिकाको चिनारी

१.२ बालमैत्री स्थानीय शासनको अवधारणा

१.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता

१.४ बालबालिका सम्बन्धी विद्यमान ऐन कानूनहरु

१.५ बालमैत्री स्थानीय शासनका अवसर, चुनौती र समस्याहरु

**भाग २ बालबालिकाको विद्यमान अवस्था**

२.१ विभिन्न उमेर समूहका बालाबालिकाको जनसंख्या

२.२ बाल श्रमको अवस्था

२.३ सडक बालबालिका

२.४ बाल यौन शोषण र दुर्व्यवहारको अवस्था

२.५ अपाङ्गता भएका बालबालिका

२.६ बालबालिका सम्बन्धी घटनाहरु

२.७ बाल विवाहको अवस्था

२.८ बालबालिका र एच.आई.भी. एड्स

**भाग ३ बाल अधिकार र बालबालिकाको अवस्था**

३.१ बाँच्न पाउने अधिकार

३.२ संरक्षणको अधिकार

३.३ बाल विकासको अधिकार

३.४ बाल सहभागिताको अधिकार

**भाग ४ बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था**

४.१ बालबालिकाको लागि स्थानीय विकास योजना

४.२ बालबालिकाको लगानी योजना

४.३ योजनाको अनुगमन तथा मूल्याङ्कन

४.४ साझेदार तथा सहयोगी संस्थाहरुको भुमिका

**भाग ५ बालबालिका सम्बन्धी भएका कार्यहरुको उपलब्धि**

५.१ दिगो विकास लक्ष र बालबालिका

५.२ बाल शिक्षा

५.३ बाल स्वास्थ्य

५.४ खानेपानी तथा सरसफाई

५.५ बाल अपराध र बाल न्याय

५.६ बृहत विद्यालय सुरक्षा

आज्ञाले
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत